बैठक संख्या:- ६९ बैठक मिति:- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:– २०७९।०५।०२

प्रस्ताव नं.- १

विषयः– भूमिसम्बन्धी समस्या समाधानका लागि नगरस्तरीय सहजीकरण समिति सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलनसम्बन्धी कार्यविधि,२०७८ अनुसार भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन,प्रमाणीकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्न स्थानीय तह भूमिहीन तथा व्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नुपर्ने भएको छ। कार्यविधिको दफा ४ उपदफा १ मा स्थानीय तहमा सहजीकरण समिति गठनको व्यवस्था रहेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

भूमिसम्बन्धमा राज्यले लिएको संवैधानिक एवं कानूनबमोजिमका दायित्वलाई कार्यान्वयन गर्ने सम्बन्धमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२क.को उपदफा (३) र ५२ख.को उपदफा (६) बमोजिम नेपाल सरकारबाट भूमि आयोगको गठन भएको हो। आयोगले जिल्ला समितिहरु मार्फत सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य गरी लगत संकलन र तिनको सम्पादनको कार्य गरिरहेको अवस्था छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्थानीय तह भूमिहीन तथा व्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको २ जना सदस्यहरु कार्यपालिका सदस्यहरु मध्येबाट रहने व्यवस्थाअनुसार समितिलाई पूर्णता दिई सहजीकरण समिति गठन गरी गर्न।

४. निर्णय हुनुपर्ने व्यहोराः

भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलनसम्बन्धी कार्यविधि,२०७८ को दफा ४ उपदफा १ (घ) को सदस्य क्रमश: श्री सुस्मिता रम्तेल र श्री कामना राईलाई तोक्ने निर्णय भयो।

बैठक संख्या:- ६९ | बैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- २

विषयः– शासकीय सुधार कार्यक्रम, नगर समन्वय समितिको सदस्य मनोनयन सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

दिगो शहरी विकासलाई प्रवर्द्धन गर्दै कोभिड १९ पछिको आर्थिक पुनर्लाभलाई सहयोग पुऱ्याउने मुख्य उद्देश्यसहित नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजनाले आ.व. ०७७/७८ देखि नै नगरपालिकालाई शसर्त अनुदान उपलब्ध गराउँदै आएको छ। आयोजनामार्फत चालु आर्थिक वर्षमा समेत नगरलाई सशर्त अनुदान प्राप्त भएको छ। आयोजनामार्फत सञ्चालन गरिने कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन मार्गदर्शनले निर्देशित गरेअनुसार नगर समन्वय समितिको गठन गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

नेपाल शहरी शासकीय तथा पूर्वाधार विकास आयोजना ,कार्यक्रम कार्यान्वयन मार्गदर्शनको बँदा नं. ३.३ मा नगर समन्य समितिको गठनसम्बन्धी व्यवस्था रहेको।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

नेपाल शहरी शासकीय पूर्वाधार विकास आयोजनामार्फत सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागी गठन गर्नुपर्ने नगर समन्वय समिति(Municipal Coordintion Committee- MCC) को ३ जना सदस्यहरु कार्यपालिका सदस्यहरु मध्येबाट मनोनित हुने व्यवस्थाअनुसार समितिलाई पूर्णता दिई समन्वय समितिले गर्नुपर्ने कार्य गर्न ।

४. निर्णय हुनुपर्ने व्यहोराः

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना,आयोजना कार्यान्यन मार्गदर्शनको बुँदा नं. ३.३ अनुसार नगर कार्यपालिकाकाले मनोनयन गर्नुपर्ने नेपाल शहरी शासकीय सुधार तथा पूर्वाधार विकास आयोजना, नगर समन्वय समिति, फिदिम नगरपालिका सदस्यहरु क्रमश: श्री नरेन्द्र गुरुङ ,श्री राजकुमार नेम्बाङ र श्री सिमा तुम्बापोलाई मनोनयन गर्ने।

बैठक संख्याः- ६९ बैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- ३

विषयः– आ.व. २०७८/७९ को आम्दानी खर्च समर्थन सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मो दफा ७६ स्थानीय तहले गरेको कारोबारको लेखा राख्नुपर्ने व्यवस्था छ।ऐनको दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका तथा नगरपालिकाको कोषबाट भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। आ.व. ०७८/७९ भर्खरै सकिएको अवस्थामा सो आ.व. को आम्दानी खर्चको विवरण बैठकलाई अवगत हुनु आवश्यक छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनमा समेत आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने विषय समावेश छ। सुशासनका लागि पनि यो अत्यावश्यक हुन्छ। नगरपालिकाले गरेको खर्चलाई नियन्त्रित र व्यवस्थित गर्न अनुगमन, मुल्याङ्कन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक लेखा परीक्षण लगायतका विधिहरुको अभ्यास गरिएको भए तापनि सैद्धान्तिक र कानूनी संरचनाको रूपमा दस्तावेज भने तयार हुन सकेको छैन।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

नगरपालिका एक स्वशासित संस्था भएकोले यसको कार्यसंस्कृति पनि स्थापित हुनुपर्ने। यसअनुसार, आम्दानी खर्चको वार्षिक विवरण सार्वजनिक र सोको स्वीकृति गर्न आवश्यक देखिएकोले।

५. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिकाको आ.व. २०७८/७९ को कुल वार्षिक आय रु. १,०३,१६,४६,७६५/४६( अक्षरेपी रु. एकअर्ब तीनकरोड सोहलाख छयालिसहजार सातसय पैसठ्ठी रुपैँया छयालिस पैसा मात्र ) र कुल व्यय रु. ८४,३८,०३,९१५/२१ (अक्षरेपी रु. चौरासीकरोड अड्तिसलाख तीनहजार नौसय पन्ध्र रुपैँया एक्काईस पैसा मात्र) रहेको आयव्यव विवरण समर्थन गरी सूचना पाटी तथा वेभसाईटमार्फत सार्वजनिक गर्ने निर्णय भयो।

बैठक संख्याः- ६९

बैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- ४

विषयः– फिदिम नगरपालिका, वडा नं. ६ को कार्यालय भवन निर्माण सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिका, वडा नं .०६ को वडा कार्यालय भवन पक्की संरचना निर्माणका लागि वडा कार्यालयको च.नं. ०९, मिति २०७९/०४/०४ को पत्रबाट सिफारिस भइ आएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

वडाबाट प्रवाह हुने सार्वजनिक सेवा हाल रहेको कच्ची संरचनाबाट प्रवाह भईरहेको र सो संरचना समेत जिर्ण अवस्थामा रहेकोले सेवा प्रवाहमैत्री पक्की संरचनाको आवश्यकता रहेको भनी वडा समितिको बैठकले निर्णय गरि आवश्यक कारबाही गरिदिनुहुन भनी लेखि पठाएको छ। प्राविधिकहरुबाट स्थान अवलोकन र नापजाँच गरी अनुमानित लागत सहितको ड्रइङ डिजाइन तयार गरी सम्बन्धित निकायमा सिफारिस गरी पठाउनु उपयुक्त देखिएको।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

वडा कार्यालयहरुलाई गुणस्तरीय सेवा केन्द्रको रुपमा विकास गराउन न्यूनतम् पूर्वाधारहरु भएको सेवा प्रवाहमैत्री भवन संरचनाको आवश्यक पर्ने हुनाले।

५. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिका, वडा नं. ०६ को कार्यालय भवन निर्माण कार्यक्रमका लागि बजेट विनियोजन गरिदिनुहुन भनी वडाको निर्णय र प्राविधिक प्रतिवेदन सहितको सिफारिस नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार र प्रदेश सरकार,आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा अनुरोध गर्ने ।

बैठक संख्याः- ६९ बैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- ५

विषयः– आ.व. २०७९/ ८० को लागि सूचीकृत बेरोजगार व्यक्तिहरुको नामावली स्वीकृत गर्ने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

फिदिम नगरभित्र रहेका बेरोजगार व्यक्तिहरुको तथ्यांक नियमित अद्यावधिक गरी तालुक निकायमा विवरण पठाउने दायित्व रोजगार सेवा केन्द्र,फिदिम नगरपालिकाको रहेको छ। यसका लागि रोजगार सेवा केन्द्रले तोकिएको ढाँचामा निवेदन संकलनको कार्य सकि कार्यक्रमसँग सम्बन्धित व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गरी सकेको छ। १४ वटै वडाबाट पेश हुन आएको निवेदनअनुसार प्रविष्टि भएको कुल बेरोजगार संख्या कार्यपालिकालाई जानकारी गराउने र नामावली स्वीकृत गराउनुपर्ने हुन्छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

EMIS मा प्रविष्टि गरिएका सूचिकृत बेरोजगारहरु स्वतस्फूर्त रुपमा संकलन गरिएको निवेदनको आधारमा यकिन भएको हो। नगर भित्र रहेका बेरोजगार व्यक्तिहरुको विवरण कार्यापालिकालाई अवगत हुन अपरिहार्य छ, कारण स्थानीय तहबाट सञ्चालन गरिने सबै कृयाकलाप आफ्ना नागरिकका दैनन्दिन जीवनपद्धतिसँग गाँसिन्छन, जो प्रत्यक्ष ढङ्गले रोजगारीको आकारसँग जोडिन्छ । यस्तै, सूचिकृत बेरोजगार वास्तविक बेरोजगार नहुन पनि सक्छन । पारिश्रमिकमा आधारित आयोजनाहरुमा काम लगाईने भनेको वास्तविक बेरोजगारहरुलाई हो। पेश भएको विवरणलाई थप तथ्यगत र वस्तुनिष्ठ बनाउन पनि उत्तिकै जरुरी हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

बेरोजगारको सूची निर्धारण तथा प्राथमिकीकरण मापदण्ड,२०७६ को दफा २ मा भएको व्यवस्थाअनुसार बेरोजगारीको सूची कार्यपालिकाले स्वीकृत गर्नुपर्ने हुन्छ। रोजगार सेवा केन्द्रले १४ वटै वडाहरुबाट बेरोजगारीको नामावली संकलन गरी संख्या यकिन गरेको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

रोजगार सेवा केन्द्र, फिदिम नगरपालिकाले मिति २०७८ फाल्गुन महिनासम्ममा संकलन गरेको फिदिम नगरपालिका भित्र रहेका बेरोजगार संख्या २२३० जनाको नामावली(यसैसाथ संलग्न)स्वीकृत गर्ने।

बैठक संख्या:- ६९

बैठक मिति:- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- ६

विषयः– विधेयक समितिले मस्यौदा सिफारिस गरेको कार्यविधिहरुको सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

स्थानीय सरकार संचालन ऐनको दफा १०२ मा पनि गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने कुरा लेखिएको छ । यस्तो ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्तछ । फिदिम नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनको अधीनमा रही फिदिम नगरपालिका टोल विकास समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७९, फिदिम नगरपालिका मर्मत सम्भार कोष कार्यविधि,२०७९ र फिदिम नगरपालिका कर्मचारी कल्याण कोष स्विकृतिका लागि विधायन समितिले मस्यौदा सिफारिस गरेको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

पेश भएका मस्यौदा कार्यविधिहरूको अध्ययन, पुनरावलोकन गरी पारित गर्नुपर्ने हुन्छ । स्थानीय राजपत्रमा प्रकाशित गरी सूचना पाटीमा समेत र्वजनिक गर्ने र वेवसाइटमा समेत राखेर कार्यान्वयन गर्नु आवश्यक छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

विधायन समितिले गरेको सिफारिसउपर कारवाही गरी संविधान प्रद्धत विधायिकी अधिकारको प्रयोग, स्थानीय शासनको सुदृढीकरण र सुशासन प्रवर्द्धन गर्नुपर्ने भएकोले ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) विधायन समितिले मस्यौदा सिफारिस गरेका देहायअनुसारका कार्यविधिहरु स्वीकृति गरी राजपत्रमा प्रकाशन र कार्यान्वयन गर्ने निर्णय भयो ।

- फिदिम नगरपालिका मर्मत सम्भार कोष कार्यविधि, २०७९
- फिदिम नगरपालिका कर्मचारी कल्याण कोष कार्यविधि, २०७९

ख) विधायन समितिले मस्यौदा सिफारिस गरेको देहायको कार्यविधिको सम्बन्धमा थप अध्ययन गरी अर्को बैठकमा पेश गर्ने/गराउने निर्णय भयो ।

- फिदिम नगरपालिका टोल विकास संस्था गठन तथा सञ्चालन कार्यविधि,२०७९

ग) देहायअनुसार ऐनको मस्यौदा तयार गरी विधायन समितिमार्फत पेश गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देश गर्ने भयो ।

- फिदिम नगरपालिका प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको ऐन,२०७९

वैठक संख्या:- ६९ वैठक मिति:- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:– २०७९।०५।०२

प्रस्ताव नं.- ७

विषय:– योजना/कार्यक्रमको बजेट विनियोजन सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोरा:

फिदिम नगरपालिका,वडा नं. १ को वडा भवन निर्माण स्थलमा पहुँच सडक निर्माणको कार्य गर्नु अपरिहार्य देखिएकोले सोको लागि बजेट व्यवस्थापन गर्नुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

भैपरी आउने पूँजीगत शिर्षकबाट खर्च लेख्ने गरी गत आ.व. को हिउँदे सभाबाट समेत यस कार्यक्रमका लागि बजेट विनियोजन भएको हो, तर कार्यक्रम भने कार्यान्वयन गर्न सकिएन।यसर्थ, गत आर्थिक वर्षमा बचत भई मौज्दात रहेको रकमबाट कार्यक्रम कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ।

३. पेश गर्नुपर्ने कारण र शाखाको राय:

आवश्यकताका आधारमा तत्कालै कार्यान्वयन गर्नुपर्ने कार्यक्रम भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोरा:

फिदिम नगरपालिका, वडा नं. १ को भवन निर्माणस्थलमा पहुँच सडक निर्माण गर्न लाग्ने प्राविधिक लागत स्टिमेटअनुसारको रकम रु. ५,४०,८९१/ ६५(अक्षरेपी रु. पाँचलाख चालिसहजार आठसय एकानब्बे रुपैया पैसा पैसठ्ठी मात्र) र बसपार्कदेखि सिंचाई कार्यालय हुँदै कालुराम ग्यारेजसम्म खाल्डाखुल्डी पुर्ने काम,वडा नं. १ र २ को लागि प्राविधिक लागत स्टिमेटअनुसार लाग्ने रकम रु. ७७,३३२/६६(अक्षरेपी रु. सत्तहत्तर रुपैँया तीनसय बत्तीस पैसा छैँसठ्ठी मात्र) सडक स्तरोन्नती तथा सुधार विस्तारबाट खर्च हुने गरी विनियोजन गर्ने निर्णय गरिय।

बैठक संख्याः- ६९ बैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- ८

विषयः– घ वर्गका निर्माण व्यवसाय ईजाजत प्रदान,नामसारी, नाम परिवर्तन र ठाउँसारी सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

देहाय अनुसारको निर्माण व्यावसायहरुको इजाजत प्रदान,नामसारी, नाम परिवर्तन र ठाउँसारी गर्नको लागि आवेदन प्राप्त भएको छ।

| सि.नं. | व्यावसायको नाम ठेगाना | प्रोप्राइटको नाम | कैफियत |
|---|---|---|---|
| १. | नोगेन कन्स्ट्रक्सन ग्रुप प्रा.लि. | श्री मिराक नेम्बाङ लिम्बू | ईजाजत पत्र प्रदान गर्नुपर्ने |
| २. | हेवाकोटी निर्माण सेवा प्रा.लि. | श्री श्रीप्रसाद आङ्बो | ईजाजत पत्र प्रदान गर्नुपर्ने |
| ३. | प्रिन्स निर्माण सेवा प्रा.लि. | श्री चन्द्र कुमार आङ्देम्बे | ईजाजत पत्र प्रदान गर्नुपर्ने |
| ४. | गोल्डेन निर्माण सेवा | श्री मित्र प्रसाद थापा | नामसारी गर्नुपर्ने |
| ५. | मञ्जु एण्ड कोपिला निर्माण सेवा | श्री कल्याण डाँगी | व्यवसायको नाम परिवर्तन र ठाउँसारी गर्नुपर्ने |

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

उल्लेखित निर्माण सेवाहरु घरेलु तथा साना उद्योग कार्यालय पाँचथरमा दर्ता भइसकेका छन्। करदाता सेवा कार्यालय, फिदिम पाँचथरमा मूल्य अभिवृद्धि करमा समेत आवद्ध भइसकेको छ। प्राप्त प्राविधिक प्रतिवेदनअनुसार, ईजाजत पत्र प्राप्त गर्न चाहने व्यवसायले -फिदिम नगरपालिकाको घ वर्गका निर्माण व्यावसायीको दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७४ मा तोकिएका सबै प्रकृया पुरा भएको देखिएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

फिदिम नगरपालिकाको घ वर्गका निर्माण व्यावसायीको दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि,२०७४ बमोजिम इजाजत प्राप्त गरेपछि मात्र कारोवार गर्न पाउने भएकोले इजाजत दिन उपयुक्त देखिएको।

४. निर्णय हुनुपर्ने व्यहोराः

**क) देहाय अनुसार घ बर्गको निर्माण व्यावसायहरूलाई इजाजत प्रदान गरी अभिलेख राख्ने निर्णय गरियो।**

| सि.नं. | व्यावसायको नाम ठेगाना | प्रोप्राइटको नाम ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | नोगेन कन्स्ट्रक्सन ग्रुप प्रा.लि. | श्री मिराक नेम्बाङ लिम्बू | कम्पनी दर्ता नं. २८४५०२/०७८/०७९<br>मू.अ.क.द.नं. ६१०२२१४०८ |
| २. | हेवाकोटी निर्माण सेवा प्रा.लि. | श्री श्रीप्रसाद आङ्बो | कम्पनी दर्ता नं. २६९३०७/०७८/०७९<br>मू.अ.क.द.नं. ६१००६९९१६ |
| ३. | प्रिन्स निर्माण सेवा प्रा.लि. | श्री पृथ बहादुर योङया | उ.द.प्र.प्र.नं. २४७२/२०७८/०७९<br>मू.अ.क.द.नं. ६१८३४७३१९ |

**ख) देहाय अनुसार घ वर्गको निर्माण व्यवसायको देहायअनुसार नामसारी गर्ने निर्णय भयो।**

| सि.नं. | व्यावसायको नाम ठेगाना | हालको प्रोप्राइटको नाम ठेगाना | नामसारीपश्चात कायम हुने प्रोपाईटरको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | गोल्डेन निर्माण सेवा | मित्र प्रसाद थापा | जेनी थापा | |

**ग) देहायअनुसार घ वर्गको निर्माण व्यवसायको नाम परिवर्तन र ठाउँसारीको लागी अनुमति प्रदान गरी सोही अनुसार अभिलेख व्यवस्थापन गर्ने निर्णय भयो।**

| सि.नं. | व्यावसायको नाम ठेगाना | प्रोप्राइटको नाम ठेगाना | व्यवसायको नाम परिवर्तन र ठाउँसारी पश्चात कायम हुने नाम | कैफियत |
|---|---|---|---|---|
| १ | नामः मञ्जु एण्ड कोपिला निर्माण सेवा<br>ठेगानाः फिदिम ०४, पाँचथर | कल्याण डाँगी<br>आठराई ३, तेह्रथुम | नामः सुवास एण्ड एस एस निर्माण सेवा<br>ठेगानाः अर्जुनधार न.पा. ०६,झापा | |

**घ) नामसारी,नाम परिवर्तन र ठाउँसारीको गर्दा लाग्ने शुल्कको सम्बन्धमा आर्थिक ऐन,२०७९ मा स्पष्ट व्यवस्था नभएकोले हरेक कारबाहीका लागि रु. पाँचहजार(५,०००) मात्र राजश्व/शुल्क सम्वन्धितबाट लिने र शुल्क लिने सम्बन्धमा भएको निर्णयलाई आगामी हिउँदे नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो।**

बैठक संख्या:- ६९

बैठक मिति:- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:– २०७९।०५।०२

प्रस्ताव नं.- ९

विषय:– सञ्चालनमा रहेको सुरक्षित आप्रवासन(सामी) कार्यक्रमको सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोरा:

नेपाल सरकार र स्वीस सरकार बीचमा भएको सम्झौता बमोजिम सुरक्षित आप्रवासन कार्यक्रम(तेस्रो चरण) को समायावधि दुई वर्षका लागि थप भई २०७९ श्रावण १ देखि २०८१ आषाढ ३१ सम्म कायम भएको र फिदिम नगरपालिकामा सो कार्यक्रम निरन्तर हुने भएको छ। विगतमा सेवा प्रदायक संस्थामार्फत सञ्चालन गरिएको सो कार्यक्रमको सञ्चालन विधिका सम्बन्धमा निर्णय लिनुपर्ने भएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

यस अघि सेवा प्रदायक संस्था श्री जनउद्धार संघसँग एक वर्षको लागि समझदारी गरी कार्यक्रम कार्यान्वयन गरिएको हो। पुन: सेवा प्रदायक संस्थामार्फत नै कार्यक्रम सञ्चालन गर्ने भए सार्वजनिक सूचना गरी योग्य एवं ईच्छुक संस्थाहरुबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी प्राप्त हुने प्रस्तावहरुको प्रचलित कानूनअनुसार मूल्यांकन गरी संस्था छनौट गर्नुपर्नेहुन्छ। नगरपालिका आफैँले कार्यक्रम सञ्चालन गर्ने भए आवश्यक जनशक्ति र स्रोधसाधनहरुको व्यवस्था गर्नुपर्ने हुन्छ।

३. पेश गर्नुपर्ने कारण र शाखाको राय :

स्थानीय तहले कार्यक्रमको आवश्यकता बमोजिम आफै कर्मचारी नियुक्त वा सेवा प्रदायक संस्थामार्फत तोकिएअनुसार कार्यक्रम सञ्चानल गर्न सक्ने व्यवस्था भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोरा:

क) यस अघि देखि नै सञ्चालन भएको सुरक्षित आप्रवासन कार्यक्रम आ.व. २०७९ को लागि सेवा प्रदायक संस्थामार्फत नगरी फिदिम नगरपालिका आफैँले सञ्चालन गर्ने निर्णय भयो।

ख) सुरक्षित नागरिक आप्रवासन कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक देहायमा उल्लेखित जनशक्तिहरु सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन,२०७९ मा भएको व्यवस्थाअनुसार छनौट गर्ने तीन(३) सदस्यीय पदपूर्ति समिति देहायअनुसार गठन गर्ने।।

**आवश्यक जनशक्तिहरु:**

| | |
|---|---|
| १) कार्यक्रम संयोजक | - एक (१)जना |
| २) लेखा तथा प्रशासन अधिकृत | - एक(१) जना |
| ३) आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | - एक(१) जना |
| ४) मनोसामाजिक परामर्शकर्ता एक जना | - एक(१) जना |
| ५) वित्तीय साक्षरता सहजकर्ता एक जना | - एक(१) जना |
| ६) रिटर्नी स्वयंसेवक तीन जना | - तीन जना(३) जना |

**पदपूर्ति समिति:**

| | |
|---|---|
| १) संयोजक | - प्रमुख प्रशासकीय अधिकृत, श्री गणेश प्रसाद दाहाल |
| २) सदस्य | - ईन्जिनियर, श्री प्रेम बहादुर काफ्ले |
| ३) सदस्य सचिव | - सुजन बाँस्कोटा, प्रशासन सहायक |

ग) आवश्यक जनशक्ति छनौटका लागी सञ्चालन गरिने परिक्षा कार्यक्रमको किसिम र पदपूर्ति समितिको बैठकसम्बन्धी कार्यविधि सामि कार्यक्रम, कार्यक्रम सहयोग ईकाई,प्रदेश नं. १ को समन्वय/सहयोगमा पदपूर्ति समिति स्वयंले निर्धारण गर्न अधिकार प्रदान गर्ने निर्णय गरियो।

वैठक संख्या:- ६९ वैठक मिति:- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:– २०७९।०५।०२

प्रस्ताव नं.- १०

विषय:– चालु आर्थिक वर्षको लागि स्वीकृत वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा ।

१. विषयवस्तुको संक्षिप्त व्यहोरा:

आ.व. २०७९/८० का लागि स्वीकृत कार्यक्रम अनुसार गर्नुपर्ने सेवा तथा कार्यहरूको खरिद योजना तयार गर्नुपर्ने भएको छ । उक्त खरिद योजना अनुसार नै एकै प्रकृतिका कार्यहरू एकै प्याकेजमा गर्दा मितव्ययी र एकरूपता हुन्छ । यसै गरी महालेखा परिक्षकको कार्यालयबाट भएको परिक्षणले ५ लाख भन्दा घटीका पूर्वाधारका योजनाहरूको खर्च यसअघिका आ.व.हरुमा पनि वेरूजु लेखेको छ । यसको निम्ति पनि एकै वडाका पूर्वाधार योजनाहरूको ५ लाख भन्दा घटी नहुने गरी प्याकेज निर्माण गरी लागत अनुमान, ड्रइङ, डिजाइन गर्ने र सम्बन्धित आम उपभोक्ताको भेलाबाट सबै स्थानको प्रतिनिधित्व हुने गरी उपभोक्ता समिति गठन गरेर उपभोक्ता समिति वा टोल विकास समिति मार्फत कार्य गर्नु गराउनु मनासिव देखि सभाबाट सोही अनुसारको नीति समेत पारित भएको छ ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

समान मापदण्ड र प्रकृयाबाट कार्य गरी बेरूजु कम गर्ने । कार्यवोझ घटाउने । एकै भन्दा बढी योजनामा एकै व्यक्ति उपभोक्ता समितिको सदस्य बन्न नपाउने व्यवस्था कार्यान्वयन गराउने । टोल विकास समितिको अवधारणामा गई टोल विकास संस्था संग संझौता गर्ने र उसले निर्माण समिति गठन गरी कार्य गराउने व्यवस्थालाई समेत प्रबर्द्धन गर्ने ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:

नगरभित्र धेरै संख्यामा योजना तथा कार्यक्रम भएको तर तिनको कार्यक्रम र अनुगमन समेत प्रभावकारी नभएको अवस्थामा यि कुरालाई व्यवस्थित गर्दै जान सहज हुने । प्रतिस्पर्धात्मक पद्धतिबाट कार्य गर्ने गराउने पद्धतिको विकास हुने । दिगोपनालाई थोरै भएपनि सघाउ पुऱ्याउन सकिने ।

४. निर्णय हुनुपर्ने व्यहोरा:

क) आ.व. ०७८/७९ को लागि योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी पारित नीति, अनुसार एकै प्रकृतिका बस्तु, सेवा र कार्यको खरिद एकिकृत खरिद प्याकेजमा गर्ने गराउने ।

ख) आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत भएको फिदिम नगरपालिकाको वार्षिक विकास कार्यक्रमलाई कार्यान्वयन गर्न देहायको समयसिमा भित्र देहायको कार्यहरु गर्ने/गराउने निर्णय भयो ।

ङ) उपभोक्ता समितिहरुको गठन : २०७९ भदौ २५ गतेभित्र

च) उपभोक्ता समितिहरुलाई अभिमुखिकरण कार्यक्रम : २०७९ असोज १० गते भित्र

छ) योजना सम्झौता : २०७९ मंसिर मसान्तसम्म ।

वैठक संख्याः- ६९

वैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- ११

विषयः– वार्षिक समिक्षा (आ.व. २०७८/७९ को) सम्बन्धमा।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

नगरको विकास निर्माण लगायत सेवा प्रवाह र आय व्ययको विषयमा आवधिक समिक्षा हुन पर्दछ। समस्या पहिचान र तिनको सुधार निरन्तर प्रकृया हो। नगरपालिकाको समग्र कार्यक्रमहरूको वार्षिक समिक्षा गरी सवालहरूको पहिचान र त्यसको सुधार गर्न कार्ययोजना निर्माण गर्न जरूरी छ। स्थानीय सरकार संचालन ऐनमा उल्लेख भएका सबै कामहरूको अनुगमन नियमन र मूल्याङ्कन तथा सुधारका लागि नीति कानून मापदण्ड वनाउने जिम्मेवारी कार्यपालिकालाई दिएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

गत आ.व.मा कार्तिकको पहिलो हप्ता आएको भारी बर्षाको कारण बाढी पहिरोले क्षति भएको कारण योजना तथा कार्यक्रमहरूमा उल्लेख्य प्रगति हासिल गर्न सकिएन। चाडबाड र बर्षाको कारण विपद व्यवस्थापन र विपदबाट क्षति पुगेका सडकहरूमा नै ध्यान केन्द्रीत गर्नुपर्ने वातावरणको सृजना भयो। कार्यसम्पादनमा भएका कमजोरी पहिचान गरी नियमित सुधार गर्नुपर्छ। योजनाहरू पनि बार्षिक कार्ययोजना र खरिद योजना मुताविक हुन कार्यान्वयन गर्नुपर्ने हुन्छ। स्थिति प्रस्तुती, समिक्षा, समस्या पहिचान, र समस्याको संवोधनका लागि सुधारका कार्ययोजना नबनाई सुधार गर्न सकिन्न।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

योजना तथा कार्यक्रमको स्थिति र वितीय प्रगतिको अवस्था जानकारी गराउन, आगामी दिनमा कार्यान्वयनको गति वढाउन, तोकिएको समयमा खरिद योजना तथा कार्यान्वयन योजनामा उल्लेख भएबमोजिम कार्यान्यन गर्न गराउन, विधि प्रकृयालाई पारदर्शी वनाई सहज रूपमा योजना कार्यक्रम कार्यान्वयन गर्न। हरेक आ व मा सञ्चालन भएका सेवा तथा कार्यको वडा समितिबाटै अनुगमन, प्रगति, सिकाई र उत्तरदायित्व लिने पद्धतिको विकास गर्नु नै शुसासन हो। आ. व. समाप्ती पछि हरेक वर्ष वार्षिक समिक्षा गरी प्रगति प्रतिवेदन उपर छलफल गर्नु र नागरिक वीच सार्वजनिक जवाफदेहिता वहन गर्ने कार्य हुनुपर्दछ। सिकाईबाट कमजोरीलाई सुधार र संवोधन हुनुपर्छ। सुधारमा निरन्तरता दिनुपर्छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

क) गत आ.व. को समग्र कार्यसम्पादनहरूको प्रस्तुती, समिक्षा, समस्याको पहिचान र समस्या संवोधनका उपायहरूको विश्लेषण गर्नका लागि मिति २०७९ भदौ १५ गते दिनको ११:०० बजेबाट फिदिम नगरकार्यपालिकाको कार्यालयमा समिक्षा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउन कार्यालयलाई निर्देश गर्ने निर्णय भयो।

ख) समिक्षा कार्यक्रमबाट पहिचान हुने सुधार गर्नुपर्ने विषयहरूको कार्ययोजना निर्माण गरी आगामी दिनमा सुधार गर्दै जाने प्रतिवद्धता व्यक्त गरियो।

वैठक संख्याः- ६९

वैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- १२

विषयः– कार्यविधिहरुको संशोधन सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

घ वर्गको निर्माण व्यवसायको ईजाजतपत्र प्राप्त गर्ने व्यवसायीहरुले नवीकरण गर्न चाहेको आ.व. को असोज मसान्तभित्र तोकिएको दस्तुर तिरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। असोज मसान्तभन्दा पछि दर्ता नवीकरण गर्न आउने निर्माण व्यवासयीहरुले तोकिएको नियमित दस्तुरको दोब्बर दस्तुर तिरी सो आ.व. को चैत्र मसान्तभित्र नवीरकण गर्न सक्ने व्यवस्था छ। हाल दोब्बर दस्तुर तिरेर नवीकरण गर्न सकिने म्यादभन्दा पछि पनि नवीकरण गरिदिनुहुन भनी धेरै निर्माण व्यवासीहरुले माग राख्नु भएको छ।

यस्तै, साविकमा प्रचलित कानुनअनुसार सम्बन्धित निकायमा दर्ता भएका खानेपानी उपभोक्ता समितिलहरुले समेत फिदिम नगरपालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि,२०७६ बमोजिम फिदिम नगरपालिकाको कार्यालयमा दर्ता सूचीकरण हुने पर्ने व्यवस्था छ। दर्ता सूचीकरणको लागी कार्यविधि जारी भएको १ वर्ष भित्र गरिसक्नुपर्ने समयसिमा तोकिएको छ। हाल सो समयसिमा सकिएपछि पनि दर्ता सूचीकरण गरिदिनुहुन भनी मागनिवेदनहरु पेश हुन थालेका छन्।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :

निर्माण व्यवसायीको ईजाजत नवीकरण र खानेपानी उपभोक्ता समितिहरुको दर्ता सूचीकरण सम्बन्धमा प्राप्त भएका निवेदनहरु उपर उपयुक्त र न्यायोचित कारबाही गर्न उल्लेखित कार्यवधिहरु संशोधन गर्नु पर्ने भएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

साविकमा सक्रिय भई कार्य गरिरहेका निर्माण व्यवसायीको ईजाजत नवीकरण र खानेपानी उपभोक्ता समितिहरुको दर्ता सूचीकरण गरी तिनको नवीकरण गर्न समेत कार्यविधि संशोधनको आवश्यकता परेको।

४. निर्णय हुनुपर्ने व्यहोराः

'घ वर्गको निर्माण व्यवसायको इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७४' लाई संशोधन गर्न पेश भएको यसैसाथ संलग्न फिदिम नगरपालिका घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र (पहिलो संशोधन) कार्यविधि, २०७९ र 'खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि,२०७६' लाई संशोधन गर्न पेश भएको फिदिम नगरपालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति ब्यबस्थापन (पहिलो संसोधन) कार्यबिधि ,२०७९ स्वीकृत गर्ने निर्णय भयो।

## (तीन महले फाराम)

### फिदिम नगरपालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यबस्थापन कार्यबिधि २०७६ मा पहिलो संसोधन २०७९

| सि न | कार्यबिधिको संबन्धित दफा उपदफा | हालको व्यबस्था | संसोधनको लागि प्रस्ताब | संसोधन गर्नु पर्नेकारण |
|---|---|---|---|---|
| १ | कार्यबिधिको दफा ८ को उपदफा १ मा संसोधन गर्ने | (३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो कार्यबिधि प्रारम्भ हुनु भन्दा अगाबै देखि जलश्रोतको उपयोग गरिरहेको व्यक्ति वा संडगठित संस्थाले यो कार्यबिधि प्रारम्भ भएको मितिले ६ महिना भित्र तोकिएको अधिकारि वा निकाय समक्ष बिबरण पेश गर्नु पर्ने छ। साथै यो अगाबै जारि गरिएको अनुमति पत्र वा दर्ता भैसकेका संस्थाहरुको हकमा यो कार्यबिधि लागु भए पछि नविकरण गर्नु पर्ने छ। | (८) को उपदफा (३) मा रहेको १ बर्ष भन्ने शब्दको सट्टा तिन बर्ष भित्र | फिदिम नगरपालिका खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यबस्थापन कार्यबिधि २०७६ मा सामहिक सुधार गर्नु पर्ने भएकोले। |

पेश गर्ने
सुजन बाँस्कोटा
(प्रशासन सहायक)
२०७९।०५।०२

## (तीन महले फाराम)

घ बर्गको निर्माण व्यबसायी ईजाजत पत्र सम्बन्धि कार्यबिधि २०७४ मा पहिलो संसोधन २०७९

| सि न | कार्यबिधिको दफा उपदफा | हालको व्यबस्था | संसोधनको लागि प्रस्ताव | संसोधन गर्नु पर्नेकारण |
|---|---|---|---|---|
| १ | **कार्यबिधिको दफा ३ को उपदफा ३ पछि उपदफा (४) थप गर्ने** | | (४) उपदफा (३) बमोजिम नविकरण नभएका निर्माण व्यबसायी ईजाजत पत्र एकपटकको लागि जुन बर्ष देखि नविकरणगर्न छुटभएकोहो सोबर्ष देखिको थप दस्तुर अशुलगरि यो कार्यबिधि जारी भएको मितिले छ महिना भित्र नविकरण गर्न सकिने छ। : | घ बर्गका् निर्माण व्यबसायी ईजाजत पत्र सम्बन्धि कार्यबिधि २०७४ को निर्माण व्यबसायी ईजाजत पत्र नविकरण सबन्धि व्यबस्थालाई व्यबस्थित गर्न। |
| २ | कार्यबिधिको दफा ४ को उपदफा (३) मा दफा ३ को उपदफा (३) पछि (४) थप गर्ने | (३) दफा ३ को उपदफा (३) | दफा ३ को उपदफा (३) पछि (४) थप गर्ने | |

पेश गर्ने:
सुब्रत बाँस्कोटा
प्रशासन सहायक
२०७९/०५/०२

बैठक संख्याः- ६९

बैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- १३

विषयः– विविध नगरप्रमुखबाट भएको अन्तरजिल्ला भ्रमणको अनुमोदनलगायत।

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाका प्रमुख श्री मित्र प्रसाद काफ्लेज्यूले प्रचलित कानुनअनुसार भ्रमण आदेश स्वीकृत गरी गत जेठको अन्तिम साता र साउनको दोस्रो साता पाँचथरबाट काठमाडौँसम्म भ्रमण गर्नुभएको छ। तीन दिनभन्दा बढी दिनको लागि स्वीकृत भ्रमण आदेशलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गर्नुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

नगर प्रमुखले तीन दिनसम्मको भ्रमण आदेश स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागी कार्यपालकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था रहेको।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिकाका प्रमुखले गर्नुभएको देहायअनुसारको भ्रमण प्रदेश सरकार,प्रदेश नं. १ बाट जारी भएको गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ८ अनुसार भ्रमण अनुमोदन गर्ने निर्णय भयो।

| क्र.सं. | मिति | | स्थान | | कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | बाट | सम्म | |
| १. | २०७९/०२/२४ | २०७९/०२/२९ | फिदिम | काठमाडौँ | |
| २. | २०७९/०४/१४ | २०७९/०४/२० | फिदिम | काठमाडौँ | विराटनगर हुँदै काठमाडौँ |

वैठक संख्याः- ६९

वैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- १४

विषयः– JCV/Backhoe Loader सञ्चालन निजी क्षेत्रलाई दिने सम्बन्धमा ।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

नगरपालिकाको कार्यालयमा भएको JCV आफैंले सञ्चालन गर्दा इन्धन र मर्मतमा मात्र धेरै दायित्व सृजना भएको छ । सडक मर्मत गर्न र नयाँ ट्रयाक खोल्न यसको उपयोग गर्ने गरी खरिद भएको हो । यसलाई नगरको आम्दानीसंग पनि गाँसिएको छ । भाँडा प्रति घण्टा १००० तोकि दिने गरिएको छ । तर विधिवत सञ्चालन गर्न नसकि आम्दानी ज्यादै न्युन भएको देखियो ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

यसको सञ्चालनमा भएको इन्धन खर्च, चालक र हेल्परको खर्चको अनुपातमा आम्दानी भने न्यून देखिएको छ । यसको सञ्चालन र मर्मतसंभार तथा इन्धनले नगरपालिकामा व्ययभार बढ्ने देखियो ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

JCB चालक एवं हेल्परको खर्च र मर्मत तथा इन्धन समेत सञ्चालक निजीक्षेत्रले नै व्यहोर्ने गरी सूचना गरेर वढावढमा सञ्चालनको प्रस्ताव माग गर्न सकिने भएकोले कार्यपालिकाबाट निर्णय गरी निजीक्षेत्रलाई सञ्चालन गर्न दिन उपयुक्त देखिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिकाको JCV हाल जुन अवस्थामा छ सोही अवस्थामा चालु आर्थिक वर्षको बाँकी अवधि र आगामी एक आर्थिक वर्ष थप समायावधि समेतका लागि न्यूनतम् भाँडा रकम रु. पाँचलाख (५,००,०००/-) प्रतिवर्षको दरमा निजी क्षेत्रलाई प्रदान गर्नका लागी इच्छुक सञ्चालक, व्यक्ति वा दर्तावाला संस्थाबाट बढाबढको प्रस्ताव पेश गर्न सार्वजनिक सूचना गर्ने/गराउने ।

बैठक संख्या:- ६९

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२ वैठक मितिः- २०७९।०५।०६

प्रस्ताव नं.- १५

विषयः– विविध

क) माग आकृति फाराम भरी पठाउने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

प्रदेश लोक सेवा आयोग, प्रदेश नं. ले वार्षिक कार्यतालिका प्रकाशन गरेको छ। प्रकाशित कार्यतालिकाअनुसार आयोगबाट सञ्चालन हुने परिक्षा कार्यक्रमहरुको माध्यमबाट फिदिम नगरकार्यपालकाको कार्यालयमा रिक्त रहेका पदहरुको पदपूर्ति गर्न प्रचलित कानुनी व्यवस्थाबमोजिम माग आकृति फाराम भरी समयमा नै पठाउनुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

माग आकृति फाराम भरी पठाउने सम्बन्धमा प्रदेश लोक सेवा आयोग,प्रदेश नं. १ को च.नं. ६८, मिति २०७९/०४/१६ को पत्रसमेत प्राप्त हुन आएको छ। पत्रबाट, कार्यालयको स्वीकृत दरबन्दी र माग आकृति फारामको सम्बन्धमा कार्यपालिकाको गरेको निर्णय समेत पठाईदिनुहुन भनि लेखि आएको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्वीकृत दरबन्दी तेरिजअनुसार सबै तह र पदका कर्मचारीहरुको पदपूर्ति गरी सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउनुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिकाको स्वीकृत दरबन्दी तेरिजबमोजिम रिक्त रहेका सबै पदहरु पूर्ति हुने प्रकारले मागआकृति फाराम भरी प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ को दफा ३ मा भएको व्यवस्थाअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १ मार्फत प्रदेश लोकसेवा आयोग, प्रदेश नं. १ मा पठाउने निर्णय भयो।

बैठक संख्याः- ६९

वैठक मितिः- २०७९।०५।०६

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०५।०२

प्रस्ताव नं.- १५

विषयः– विविध

ख) सडक गूरुयोजना तयारी तथा समन्वय समितिको सदस्यहरु तोक्ने सम्बन्धमा।

१. विषय र विषयको संक्षिप्त व्यहोराः

नगरको दिगो विकासमा टेवा पुर्याउने हेतुले फिदिम नगरपालिकाको सडक गुरुयोजना बनाउन यस वर्ष बजेट विनियोजन भएको छ। विस्तृत परियोजनाहरु सञ्चालनका लागी उपल्लो संघीय इकाईहरुबाट अनुदान प्राप्त गर्न समेत सडक गुरुयोजना पेश गर्नुपर्ने विषय अपरिहार्य बन्दै गरेको अवस्थालाई हृदयङ्गम गरी बजेट विनियोजन गरिएको हो। गूरुयोजनाको तयारीपश्चात सोले निर्देशित गरेअनुसार नै सडक विस्तार एवं स्तरोन्नती कार्यहरु गर्नुपर्ने हुन्छ। गुरुयोजना तयारीका लागी तोकिएको कार्यसूचीअनुसारका काममा सहयोग र समन्वय गर्न सडक गूरुयोजना तयारी तथा समन्वय समितिको सदस्यहरु तोक्नुपर्ने भएको छ।

१. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

थप सडक आवश्यकताको पहिचान, सडक स्तरोनन्तीको प्राथमिकिकीकरण, सडक प्रयोगको उदेश्य, सवारी चाप, वडामा चल्ने सवारीसाधन, सडकले पार्ने वातावरणीय प्रभावको मूल्यांकन, प्राकृतिक/साँस्कृतिक सम्पदाको अवस्था; बस्ती विकासका लागि नगरले अपनाएको नीति, सडक लाभ कर, घरधुरी संख्या आदिको कुशल विश्लेषणबाट मात्र परिष्कृत र कार्यान्वययोग्य सडक गुरुयोजना बन्न सक्ने भएकोले सो कार्यमा सहजीरकण तथा समन्वय गर्न स्वीकृत कार्यसूचीमा व्यवस्था भए बमोजिमको समितिलाई पूर्णता दिनुपर्ने हुन्छ।

२. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

सडक गुरुयोजना तयार गर्न भएको विनियोजनको उपयोग गरी दिगो विकासको लक्ष्य हासिल गर्न नगरले लिएको नितीलाई कार्यान्वयन गर्नुपर्ने भएकोले।

३. निर्णय हुनुपर्ने व्यहोराः

क) नगरको सडक गूरुयोजना तयार गर्नका लागी स्वीकृत कार्यशर्तको बुँदा नं. ३ (ए) मा रहेको सडक गूरुयोजना तथा समन्वय समितिको सदस्यहरु नगसभासदस्यहरु मध्येबाट वडा नं. ५ का वडाअध्यक्ष श्री भरत तुम्बापो र वडा नं. १३ का वडा अध्यक्ष श्री दिल कुमार नेम्बाङलाई तोक्ने निर्णय भयो। यस्तै, आदिवासी/अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने महिला सदस्य श्री बिमला हाङसुरुम्बालाई तोक्ने निर्णय भयो।

ख) गूरुयोजना तयारी गर्ने सन्दर्भमा सम्बन्धित वडाभित्र मौजुद सबै प्रकारका सडकहरुको नाम, सडक क्षेत्राधिकार, थप सडक आवश्यकताको पहिचान, सडक स्तरोन्तीको प्राथमिकिकीकरण, सडक सञ्जाल आदि विषयमा सहजीकरण तथा समन्वय गर्न सम्बन्धित सबैले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरियो।